# नेपाल राष्ट्र बैंक
## राष्ट्रऋण व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैंक ऋणपत्र निष्कासन सम्बन्धी कार्यविधि, २०७२**

(श्रीमान् गभर्नरज्यूबाट स्वीकृत मिति २०७२/०८/२३)

**"नेपाल राष्ट्र बैंक ऋणपत्र" निम्नानुसारको विधि अपनाई निष्कासन गरिने छ :**

(क) यो ऋणपत्रको निष्कासन बोलकबोलको माध्यमबाट हुने, ब्याजदर बोलकबोलको माध्यमबाट निर्धारण हुने साथै बोल ब्याजदरमा गर्नुपर्ने र बहु ब्याजदरमा पनि बोल गर्न सकिने ।

(ख) ६ महिने अवधिको ऋणपत्र निष्कासन भएको अवस्थामा भुक्तानी मितिका दिन एकमुष्ठ ब्याज तथा साँवा रकम भुक्तानी हुने र १ वर्षे अवधिको ऋणपत्र निष्कासन भएको अवस्थामा ब्याज रकम ६ महिनामा र भुक्तानी मितिका दिन निर्धारित दरले हुने बाँकी ब्याज तथा साँवा रकम भुक्तानी हुने ।

(ग) आर्जित ब्याजमा नियमानुसारको ब्याजकर लाग्ने । यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन/दिन पाइने ।

(घ) "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुमात्र यो ऋणपत्रको बोलकबोलमा सहभागी हुन पाउने ।

(ङ) घटीमा रु. १ करोड र बढीमा रु. १ करोडले भाग गर्दा निःशेष भाग जाने अङ्कमा आह्वान गरिएको कुल रकममा नबढाई बोल गर्नुपर्ने ।

(च) कुल बोल रकमको २.५० प्रतिशतले हुने रकम अर्नेष्टमनि बापत नेपाल राष्ट्र बैंकमा रहेको बोलवालाको खातामा मौज्दात कायम भएको हुनुपर्ने ।

(छ) बोलवालाले कबोल गरेको ब्याजदरलाई सानो देखि ठूलो क्रममा मिलाएर राखी आह्वान रकमसम्म वा समितिले निर्धारण गरेको बाँडफाँट रकमसम्मको विन्दुमा कायम हुने ब्याजदरलाई एकल ब्याजदर कायम गरी सोही एकल ब्याजदरमा सो र सोभन्दा मुनिका सबै बोलवालालाई उक्त ऋणपत्र बिक्री गरिने । समान ब्याजदर बोल गर्ने बोलवालाहरुको रकम समावेश गर्दा कुल निष्कासित रकम भन्दा बढी हुने भएमा समानुपातिकरुप (Pro-rata basis) मा बाँडफाँट हुने ।

(ज) खुला बजार कारोबार सञ्चालन समितिले प्राप्त बोल पुरै वा आंशिक स्वीकार वा अस्वीकार गर्नसक्ने र Cut-off rate निर्धारण गर्नसक्ने ।

(झ) बोलकबोल Online Bidding System Software को माध्यमबाट हुने । रीतपूर्वक प्राप्त हुन नआएका बोल अस्वीकृत गरिने ।

(ञ) बोलवालाबाट लिनुपर्ने ऋणपत्रको रकम सम्बन्धित बोलवालाको यस बैंकमा रहेको खाताबाट खर्च गरी तोकिएको अलग्गै खातामा जम्मा गरी राखिने ।

(ट) ऋणपत्र निष्कासन हुने मितिमा स्वीकृत बोलवालाको खातामा पर्याप्त मौज्दात नभएमा त्यस्ता बोलवालालाई अर्नेष्ट मनि वापतको रकम जफत गरी कालोसूचिमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुनबाट बन्देज लगाइने ।

(ठ) ऋणपत्रमा लगानी भएको रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न नपाइने तर, यस बैंकको निर्देशन बमोजिम कायम गर्नुपर्ने SLR तथा Liquidity Ratio मा गणना गर्न पाइने ।

(ड) ऋणपत्र धनीहरुलाई निस्सा बापत तोकिए बमोजिमको एडभाईस (प्रमाणपत्र) प्रदान गरिने ।

(ढ) ऋणपत्र सम्बन्धी अन्य प्रक्रियाहरु प्रचलित ऐन, नियम तथा व्यवस्था बमोजिम हुने ।

***